# NIFJ को न्हुगु दँ ११३१ सम्पन्न

नोभेम्बर १५, टोक्यो

राजीब श्रेष्ठ

नेवा अन्तर्राष्ट्रिय फोरम जापानले बार्षिक रूपमा नेपाल संबत को नयाँ बर्षको समयमा न्हुगु दँ को शुभकामना आदानप्रदान कार्यक्रम गरी म्हपूजा (स्वयंको पूजा) गर्ने कार्यक्रम को आयोजना गर्दै आएको छ। त्यसै सिलसिलामा यस बर्ष २०११ साल नोभेम्बर ७ तारिक आइतबारका दिन टोक्यो हिरोओ मा अवस्थित जाइका हलमा यस बर्षको न्हुगु दँ ११३१ तथा म्ह पूजा कार्यक्रमको आयोजना गरियो।

प्रमूख अतिथिको रूपमा जापानका लागि नेपाली राजदूत महामहिम डा. गणेश योञ्जन तामाङ तथा विशेष अतिथिको रूपमा स्यादान होउजिन जापान नेपाल सोसाइटी का अध्यक्ष श्री कोजिमा मिचुआकी ज्यू पाल्नु भई दुबै अतिथि व्दयले पानसमा बत्ति बालेर कार्यक्रमको शुभारम्भ गर्नु भयो। कार्यक्रम १६:४५ बजे शुरू भई, अगाडि बढ्दै गयो। कार्यक्रमको प्रथम चरणमा शुभकामना आदानप्रदान गरियो। यसैक्रममा नेवा अन्तर्राष्ट्रिय जापानको अध्यक्ष श्री रविन शाक्य ज्यूले आफ्नो स्वागत भाषणको क्रममा नेपाल संबत नेपालको मौलिक संबत तथा राष्ट्रिय संबत भएकोले सम्पूर्ण नेपालीको जिब्रोमा न्हुगु दँ या भिन्तुनाले शुभकामना ब्यक्त गर्ने वातावरण तयार हुनु पर्ने कुरामा जोड दिंदै उपस्थित सबैलाई स्वागत गर्नुभयो। त्यसपछि शुभकामना ब्यक्त गर्ने क्रममा राजदूत महामहिम डा. गणेश योञ्जन तामाङ ज्यूले नेपाल संबत नेपालको राष्ट्रिय संबत भएकोमा दुई मत नभएको बताउनु भयो। त्यस्तै यसै दिनमा मनाइने नेवारको म्ह पूजा धेरै महत्वपूर्ण भएको र १ बर्ष गरेका कर्महरूलाई स्वच्छ बनाउने अनि गएको बर्षमा गरेका कमीकमजोरीहरूलाई नियाली नयाँ उमंगकासाथ अर्को बर्षमा राम्रो गर्दै जाने प्रण गर्ने धेरैनै राम्रो संस्कृति भएकोले आफूले पनि अझै यसबाट धेरै कुराहरू

सिक्न चाहेको बताउनु भयो।

त्यस्तै श्री कोजिमा मिचुआकी ज्यूले सबै नेपाली हरूलाई नव बर्षको शुभकामना ब्यक्त गर्नु हुँदै, नव बर्ष भनेको परिवारको भेटघाट हुने दिन, पुराना साथीहरू बीच भेटघाट हुने दिन भएकोले यसको महत्वलाई बुझ्नु पर्नेमा जोड दिनु भयो। उहाँ नेपालको लागि जापानी राजदूत हुनु भएको बेला म्हपूजा मा भाग लिनु भएको कुरालाई स्मरण गर्नु हुँदै आफ्नो शरिरलाई बुझ्ने यो सँस्कृतिको महत्वलाई प्रकाश पार्नु भयो। त्यस्ते उहाँले बुद्ध भगवानको जन्मस्थल को बारेमा अनुसन्धान गरी अर्को बर्षको जनवरीमा किताब निकाल्ने भएको जानकारी दिनु हुँदै, कपिलबस्तु भन्ने ठाउँ नेपालमा पनि भारतमा पनि भएको तर भगवान बुद्ध ले २९ बर्षसम्म बिताएको ठाउँ नेपालकै भूभागमा अवस्थित कपिलबस्तु हो भनेर जोड दिनु भयो।

कुराकानी धेरै नगर्ने परम्परा बसाउने उद्देश्यले शुभकामना आदानप्रदान लाई यतिनै गरि, प्रमूख कार्यक्रम म्ह पूजा गर्ने तयारी गरियो। चिट्ठाको ब्यवस्था गरी, चिट्ठा परेका नेपालीहरूलाई अगाडि नै तयार गरेको मण्डल को पछाडि बसाएर नियमपूर्वक म्हपूजा गरियो। सो दिन नेपालमा किजा पूजा गर्नेहरू पनि भएकोले संगै किजापूजा गर्ने परिवार पनि थियो। म्हपूजा को ठीक सगुण दिने समय मिलाएर नेवा अन्तरराष्ट्रिय फोरम जापानका सल्लाहकार डा. रामध्वज श्रेष्ठ ज्यू ले काम्पाई गर्नु भएको थियो। म्हपूजा सकिएपछि सबैलाई समेबजी को सेट ब्यवस्था गरी स्न्याक्स बितरण गरिएको थियो।

साँस्कृतिक कार्यक्रमको पनि ब्यवस्था गरेको थियो। पञ्च लामाको बाँसुरी को ब्याण्ड ले सुमधुर नेपाली संगीत सुनाएर बिस्तारै सबैजनालाई नचाएको थियो। त्यस्तै नेपाली किकबक्सिङ्ग खेलाडि मोहन महर्जनको गएको सेमी फाइनल गेम प्रोजेक्टरबाट देखाएर यहि महिना २७ तारिख का दिनमा कोउराकुएनमा हुने फाइनल गेममा सहयोगको लागि अपिल पनि गरेको थियो।

१८:३० भएपछि डिनरको पनि ब्यवस्था गरियो। सबैजनाले नेपालको नयाँ बर्षको शुभकामना आदानप्रदान गरेर, म्ह पूजाको संस्कृति हेरेर आफै गरेर, नेपाली खाना खाएर, नेपाली संगीत सुनेर, नेपाली नाच नाचेर भरपूर नेपाली सँस्कृतिको मनोरञ्जन लिए।

यसपाली धेरै जनाले बिहानदेखि सहयोग गर्नु भएको थियो। बालबालिका समेत १०० जनाको सहभागिता थियो। नेवा जागरण मञ्च जापानका अध्यक्ष लगायत प्रतिनिधिहरू, तामाङ समाज जापानका अध्यक्ष लगायत प्रतिनिधिहरू तथा थकाली सेवा समितिको अध्यक्ष ज्यू, स्यादान होउजिन जापान नेपाल सोसाइटीका प्रतिनिधिहरू, हातेमालो समाजका अध्यक्ष तथा प्रतिनिधिहरूको पनि उपस्थिति थियो। उत्कृष्ठ रूपमा जापानीहरूले पनि सहभागी जनाएका थिए। गोलाप्रथामा परेर नेपाली म्हपूजा समेत गर्न पाएका अफगानिस्तानका सहभागी पनि बेजोडका साथ नेपाली संगीतमा झुमेर नाच गान गरेका थिए।

यस महत्वपूर्ण कार्यक्रमलाई श्रीमती निला बोमोलीज्यूले संचालन गर्नु भएको थियो। त्यस्तै यस पटक को म्ह पूजा लाई श्री एक्रोस म्याप ले प्रायोजन गरेको थियो।

नेवा अन्तरराष्ट्रिय फोरम जापान सम्पूर्ण प्रायोजक तथा सहभागीहरूलाई हृदयदेखि धन्यबाद ब्यक्त गर्दछ।

स्मरण रहोस, हाम्रा सहयात्री नेवा जागरण मञ्चले नोभेम्बर ७ तारिखको बिहान नेपाल संबत ११३१ को न्हुगु दँ या भिन्तुना आदानप्रदान गरेको थियो।

सम्पर्कः नेवा अन्तर्राष्ट्रिय फोरम जापान, टोक्यो तो सुगिनामी कु हामादायामा

राजीब श्रेष्ठ (०९०-६३०२-९१५१)